# विदेशी नागरिकहरूको लागि निःशुल्क कानुनी परामर्श सेवा

सार्वजनिक लाभ सम्मिलित संस्था) फुकुओका अञ्चल अन्तर्राष्ट्रिय विनिमय केन्द्र (फुकुओका अञ्चल विदेशी नागरिकहरूको परामर्श केन्द्र) मा हरेक महिना फुकुओका अञ्चल भित्र आदि बसोबास गर्नुहुने विदेशी नागरिकहरूको लागि अधिवक्ताद्वारा कानुनी परामर्श दिइने कार्यक्रमको आयोजना गरिन्छ।

आयोजना गरिने दिन

हरेक महिनाको तेस्रो आइतबार *वर्षको अन्त्य र सुरुको अवधि (डिसेम्बर २९ तारिखदेखि जनवरी (३ तारिख) बाहेक

परामर्श समय

१ पटकमा ६० मिनेट (यसमा दोभासेको समय पनि पर्छ) हो। निम्न समयबाट चयन गर्नुहोस्।

महिनाको तेस्रो आइतबार

(१) १३:00～

(२) १४:00～

(३) १५:00～

(४) १६:00～

स्थान

फुकुओका अञ्चल अन्तर्राष्ट्रिय विनिमय केन्द्र अन्तर्राष्ट्रिय आदानप्रदान कक्ष (एक्रोस फुकुओका तेस्रो तल्ला)

मातृभाषा प्रयोग

फोन दोभासेको प्रयोग गरी २४ भाषाहरूमा परामर्श लिन सकिन्छ।

जापानिज भाषा अंग्रेजी, चाइनिज, कोरियन, भियतनामिज, नेपाली, इन्डोनेसियन, टागालग, थाइ, मलेसियन, स्पेनिश, फ्रेन्च, जर्मन, इटालियन, रसियन, पोर्चुगिज, बर्मी, खमेर, मङ्गोलियन, सिन्हाला, हिन्दी र बङ्गाली भाषा, उर्दु र युक्रेनी भाषा

प्रयोग गर्ने तरिका

१ उपलब्ध समय अनुबन्धको लागि सोधपुछ

फोन ०१२० -२७९ -९०६ अथवा सार्वजनिक लाभ सम्मिलित संस्था) फुकुओका अञ्चल अन्तर्राष्ट्रिय विनिमय केन्द्र भित्रको फुकुओका अञ्चल विदेशी नागरिकहरूको परामर्श केन्द्रको काउन्टरमा समयको उपलब्धता निश्चय गर्नुहोस्।

आयोजना गरिने दिन भन्दा ४ दिन अघिको साँझको ५ बजेसम्ममा नाम लेखाउन सकिन्छ।

(उदाहरण फेब्रुअरी २० तारिख (आइतबार) परामर्श सेवाको आयोजना → फेब्रुअरी १६ तारिख (बुधबार) साँझको ५ बजेसम्म) मा नाम लेखाउन सकिन्छ।

२ नाम लेखाउने

राम्रोसँग "ध्यान दिनुपर्ने कुराहरू" पढेपछि निम्न मध्ये कुनै एक विधिद्वारा ३ दिन भित्र "कानुनी परामर्शको आवेदन फाराम" पेस गर्नुहोस्।

१) सीधै काउन्टरमा लिएर जानुहोस्।

२) फ्याक्स ०९२ -७२५ -९२०६

३) इमेल fukuoka-maic@fief. or. jp

३ पुनः निश्चय

परामर्श मितिको ६ दिन अघिदेखि ४ दिन अघिसम्मको अवधि भित्र फुकुओका जिल्ला विदेशी नागरिकहरूको परामर्श केन्द्रबाट नाम लेखाएको बेहोरा निश्चय गर्न फोनद्वारा सम्पर्क गरिनेछ। फोन गरेमा अप्ठ्यारो पर्ने व्यक्तिले अग्रिम रूपमा जानकारी गराउनुहोस्।

फोन नभएको व्यक्तिलाई इमेल आदिद्वारा सम्पर्क गरिनेछ।

*फोन नउठाएको खण्डमा, इमेलको जवाफ नपठाएमा वा पटक पटक सम्पर्क गर्दा पनि जवाफ नआएमा, तपाईंको नाम रद्द गरिने हुनाले ध्यान दिनुहोस्।

४ परामर्श लिने दिन

परामर्श लिने दिन अनिवार्य रूपमा तोकिएको समयसम्ममा आइपुग्नुहोस्।

*रद्द गर्ने खण्डमा, सकेसम्म चाँडै सम्पर्क गर्नुहोस्। (रद्द गरिएको समय प्रयोग गर्न चाहने मान्छेहरूले पर्खिरहेका हुन्छन्।)

*धेरै मान्छेहरूलाई सेवा प्रदान गर्नको लागि, सामान्यतया, एक पटक यो सेवा प्रयोग गरेपछि २ महिना नबितेसम्म फेरि यो सेवा प्रयोग गर्न सकिँदैन। यद्यपि परामर्श गर्ने सोही दिन समय उपलब्ध भएको खण्डमा मात्र प्रयोग गर्न सकिन्छ। परामर्श गर्ने सोही दिन केन्द्रमा आउनुहोस् वा फोनद्वारा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

गोपनीयताको पालनाबारे

तपाईंको व्यक्तिगत जानकारी तेस्रो पक्षलाई थाहा दिइनेछैन।